☎: ०५७-४१००६६
: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०७९।०६।०६**

यस गाउँपालिकाको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद २ को दफा ४ बमोजिम आ.व. २०७९/०८० को लागि रोजगार संयोजक सेवा करारमा र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ परिच्छेद 2 को दफा ३ बमोजिम रिक्त रहेको तपशिलको पदमा सेवा करारबाट पदपूर्ति गर्नको लागि निम्न बमोजिमको योग्यता पुगेको उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त आव्हान गरिएको छ ।

**तपशिल:**

| क्र.सं | बिज्ञापन नं | पद | तह | परीक्षाको किसिम | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 01/2079/080 | रोजगार संयोजक | छैठौ | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड , २०७६ | १ | |
| २ | 02/2079/080 | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | स्थानीय तहमा प्राविधिक सहायक रोजगार र सहायक पदपूर्ति सम्बन्धी मापदण्ड , २०७८ | १ | |
| ३ | 03/2079/080 | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह वा ओभरसियर वा सो सरह | स्थानीय तहमा प्राविधिक सहायक रोजगार र सहायक पदपूर्ति सम्बन्धी मापदण्ड , २०७८ | १ | |

## आवश्यक न्युनतम योग्यता तथा अन्य :

- रोजगार संयोजकको हकमा : मान्यता प्राप्त शिक्षण संस्थाबाट बिषयमा कम्तिमा स्नातक तह वा वा सो सरह उत्तीर्ण गरेको ।
- प्राविधिक सहायकको हकमा : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङमा कम्तिमा प्रविणता तह वा सो सरह उत्तीर्ण गरेको ।
- रोजगार सहायकको हकमा : मान्यता प्राप्त शिक्षण संस्थाबाट बिषयमा कम्तिमा प्रविणता तह वा वा सो सरह उत्तीर्ण गरेको ।
- रोजगार संयोजकको हकमा उमेर हद : २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
- प्राविधिक सहायक/ रोजगार सहायक हकमा उमेर हद : १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
- कम्तिमा आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम
- प्राविधिक सहायकको हकमा : पूर्वाधार निर्माण र मर्मत / स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान , सुपरिवेक्षण र अन्तिम लागत बिवरण तयार गर्न सक्ने आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ ।
- दरखास्त दिने स्थान : भीमफेदी गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय , मकवानपुर वा ईमेल मार्फत bhimphedi.rm@gmail मा पनि पठाउन सकनेछ । साथै ईमेल कार्फत दरखास्त दिंदा बैक भौचर र अन्य आवश्यक कागजातहरु स्क्यान गरी पठाउनू पर्नेछ ।

☎: ०५७-४१००६६
: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

# भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

- दरखास्त दिने अन्तिम मिति : २०७९/०६/३०
- परीक्षा दस्तुर : छैठौं तहको लागि रु.१००० (एक हजार मात्र ) र सहायक पाँचौ तहको लागि रु ५०० यस कार्यालयको NIC ASIA BANK Ltd मा रहेको राजश्व खाता नं. ग-१-१ आन्तरिक राजश्व खाता नं. 167CA57503077001 मा दाखिला गरी सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ ।
- दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरु : क) उम्मेदवारको निवेदन ख) ब्यक्तिगत बिवरण/Bio Data ग) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि घ) नेपाली नागरिकताको प्रतिलिपि ङ) तालिमको प्रमाण पत्र च) 2 प्रति प्रासपोर्ट साइजको फोटो
- सेवा सुविधा : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७८ को परिच्छेद ६ को दफा १८ र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड , २०७८ परिच्छेद - ३ को दफा १३ मा भएको प्रावधान बमोजिम हुने ।
- छनौट प्रक्रिया : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद- ३ को दफा ९ र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड , २०७८ परिच्छेद – २ को दफा ७ मा भएको प्रावधान बमोजिम हुने ।
- परिक्षा मिति : सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
- सम्पर्क मिति दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट वा सो दिन सार्वजनिक बिदा पर्न गए भोलिपल्ट ।
- परीक्षा तथा छनौट प्रक्रिया र पाठ्यक्रम सम्बन्धी ; रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड , २०७८ हेर्नहुन अनुरोध छ ।
- थप जानकारीको लागि कार्यालयको प्रशासन शाखा सम्पर्क नं. ९८४५२८८११०

प्रमुख प्रशासकीय अधिकृत